कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

## छालाजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुका लागि प्रस्ताव आव्हानको सूचना

**मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशन पटक प्रकाशित मिति २०७७/११/२३**

चालु आ.व.०७७/७८ को स्विकृत वार्षिक विकास कार्यक्रम अनुसार सुर्खेत जिल्लाभित्र संचालनमा रहेका छालाजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको उत्पादन तथा व्यवसायीकरणको विकास तथा प्रोत्साहन गर्नका लागि आवश्यक पूर्वाधार निर्माण, मेसिनरी औजार उपकरण खरिद वा भन्सार शुल्क सहयोग दिने कार्यक्रम रहेको हुँदा इच्छुक उद्यमीहरुले तपशिल बमोजिमको कागजातहरु संलग्न राखि सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरीएको छ ।

पेश गर्नुपर्ने कागजातहरु :

१. तोकिएको ढाँचामा निवेदन र उद्यमीको नेपाली नागरिकताको प्रतिलिपि ।
२. उद्योग दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि ।
३. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा अडिड रिपोर्ट ।
४. नेपाली देवनागरी लिपिमा व्यवसायीक योजना ।
५. सहकारी/कम्पनीको स्वमित्वमा रहने गरी दर्ता भएको उद्योगको हकमा संस्था/कम्पनीको विधान/प्रवन्धपत्र/नियमावली, दर्ता प्रमाणपत्र र नविकरणको कागजात, प्रस्ताव पेश गर्ने सम्बन्धमा संचालक समितिको निर्णयको कागजात समेत ।
६. उद्योग सञ्चालनको लागि सम्भावेयता अध्ययनबाट सिफारिस भएको स्थान प्रस्तावित स्थानको लालपूर्जाको प्रतिलिपि, चारकिल्ला प्रमाणित हालसालै तिरो तिरेको रसिद, जग्गा भाडामा भए कानूनी परामर्शदाताबाट तयार पारिएको २० वर्षको सम्झौता, जग्गाधनीको नागरिकताको प्रतिलिपि ।
७. सम्भाव्यता अध्ययनबाट सिफारिस भएको जिल्लाको स्थानिय तह भन्दा अन्यत्र स्थानिय तहमा दर्ता भै सञ्चालनमा रहेको उद्योगको हकमा छनौट पश्चात उद्योग ठाउँसारी गर्नेछु भन्ने व्यहोराको प्रतिवद्धता पत्र ।
८. नापी कार्यालयबाट स्वीकृत जग्गाको नक्सा, ट्रेस र ब्लू प्रिन्ट । जग्गाको क्षेत्रफल कम्तिमा ६७३० वर्ग मिटर क्षेत्रफल भएको हुनुपर्नेछ ।
९. मेशिन औजार उपकरण खरिद तथा सोको खरिदमा भन्सार शुल्क सहयोगको हकमा कुनै एक कम्पनीको ब्रोसियर । ब्रोसियरमा उद्यमीको सहि छाप हुनुपर्ने ।
१०. लक्षित वर्गमा पर्ने उद्यमी भए सम्बन्धित निकायको प्रमाणित कागजातको प्रतिलिपि (कम्पनी, सहकारी तथा साझेदारी फर्मको हकमा लागू नहुने) ।

नोट :

१. कार्यक्रम संचालन स्थान : सुर्खेत जिल्लाको बराहताल गाउँपालिकाको ओदालताल भन्ने स्थानमा (सम्भाव्यता अध्ययन प्रतिवेदनबाट सिफारिस भएको) उद्यमीबाट प्रस्तावित जग्गा यसै स्थानको हुनुपर्नेछ ।
२. प्रस्तावदाताको योग्यता र पालन गर्नुपर्ने शर्त : प्रस्तावदाताले उद्योग दर्ता गर्ने निकायमा प्रस्ताव आव्हानको सूचनाको अन्तिम दिन सम्ममा विधिवत उद्योग दर्ता गरेको हुनुपर्नेछ । उद्योगको उद्देश्य परम्परागत छालाजन्य कच्चा पदार्थमा आधारित उद्यमहरु जस्तै झोला, कम्मर पेटी, पर्स, जुत्ता, ज्याकेट, चप्पल आदी उत्पादन गर्ने हुनुपर्नेछ । अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ भने कम्पनी वा सहकारी संघ संस्थाको हकमा कम्पनी/संस्थाको निर्णयानुसार अख्तियारवाला तोकी निजबाट कागजात पेश भएको हुनुपर्नेछ ।
३. अनुदानग्राहीको तर्फबाट गर्नुपर्ने साझेदारी : यो कार्यक्रम अनुदान कार्यक्रम रहेको हुँदा अनुदान रकमको सीमा सहकारी र लक्षित वर्गको लागि सञ्चालन हुने कार्यक्रमको हकमा कूल लागतको अधिक्तम सत्तरी प्रतिशतसम्म र अन्यको हकमा पचास प्रतिशत सम्म हुनेछ । प्रस्तावदाताबाट पेश गरिने प्रस्तावको सम्पुर्ण कागजातहरुमा उद्यममी स्वयमले प्रमाणित गरेको हुनुपर्नेछ र उद्योगको छाप लगाउनुपर्नेछ।
४. प्रस्तावदाताले प्रस्ताव अनिवार्यरुपमा सिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ ।

नि. निर्देशक